सूचना ८

श्री ५ को सरकारले मिति २०४३।१०।२२ को निर्णयानुसार जिल्ला पञ्चायत सचिवालय, भोजपुरका योजना तथा प्रशासकीय अधिकृत श्री लोकबहादुर बललाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.२ (२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२ (१) बमोजिम मिति २०४३।१०।१५ देखि लागू हुने गरी स्वेच्छिक अवकाश दिएको छ।

सूचना ९

श्री ५ को सरकारले मिति २०४३।१०।२५ को निर्णयानुसार निजामती किताबखानाका शाखा अधिकृत श्री कृष्णप्रसाद श्रेष्ठलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.२ (२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२ (१) बमोजिम मिति २०४३।११।१ देखि लागू हुने गरी स्वेच्छिक अवकाश दिएको छ ।

सूचना १०

श्री ५ को सरकारले मिति २०४३।१०।२५ को निर्णयानुसार राजपत्र अनंकित प्रथम श्रेणीका देहायका कर्मचारीहरूलाई नेपाल प्रशासन सेवा (लेखा समूह) को राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बढुवा नियुक्ति गरी महालेखा नियन्त्रक कार्यालय वा अन्तर्गत कार्यालयमा पदस्थापन गरेको छ ।

क्र. सं.	नाम र थर
१.	श्री भोजराज जोशी
२.	श्री ज्ञानबहादुर महत

आज्ञाले,
ज्ञानबहादुर शाक्य
उपसचिव

भूलसुधार

नेपाल राजपत्र खण्ड ३६, संख्या ४४, मिति २०४३।११।४ भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचना २ को क्र. सं. २ मा "जनस्वास्थ्य एकीकृत योजना" हुनुपर्नेमा "वनस्वास्थ्य एकीकृत योजना" हुनगएकोले भूलसुधार गरिएको छ।

सामान्य प्रशासन मन्त्रालय

श्री ५ को सरकारको छापाखानी, सिंहदरबार, काठमाडौंमा मुद्रित । मात्र लागु हुनेछ।